# इन्द्रसरोवर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

## इन्द्रसरोवर गाउँपालिकाको जलश्रोत उपयोग कार्यविधि - २०७७

कुलेखानी, मकवानपुर
बागमती प्रदेश, नेपाल।

## इन्द्रसरोवर गाउँपालिकाको जलश्रोत उपयोग कार्यविधि,२०७७

**प्रस्तावना**

इन्द्रसरोवर गाउँपालिका क्षेत्र भित्रको भूमिगत वा भू-सतहमा रहेको जलश्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास एवमं त्यस्तो उपयोगबाट हुने वातावरणीय प्रभावको कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधान बमोजिमको कार्य गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इन्द्रसरोवरको मिति २०७७/०४/०९ र **पहिलो संशोधन मिति २०७७/१२/३०** मा बसेको गाउँ कार्यापालिकाको **बैठकबाट "इन्द्रसरोवर गाउँपालिका जलश्रोत उपयोग कार्यविधि -२०७७"** जारी गरीएको छ ।

### परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "इन्द्रसरोवर गाउँपालिका जलश्रोत उपयोग कार्यविधि २०७७" रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट पारित भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्ग अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क) "अनुमति पत्र प्राप्त व्यक्ति" भन्नाले जलश्रोत उपयोग गर्न गाउँपालिकाबाट अनुमति पत्र प्राप्त व्यक्ति वा संगठीत संस्थालाई सम्झनु पर्छ ।

ख) "जलश्रोत" भन्नाले भू-सतह वा भूमिगत रुपमा रहेको पानीको स्रोत सम्झनु पर्छ ।

ग) "उपभोक्ता संस्था" भन्नाले जलश्रोतको उपयोगको लागि दफा ५ बमोजिम गठन भएको **उपभोक्ता संस्था** सम्झनुपर्छ ।

घ) "सर्वेक्षण" भन्नाले संरचनाको निर्माण, संरचना निर्माण गर्दा पर्ने वातावरणीय असर, स्रोतबाट उपयोग तथा वितरण गर्न सकिने खानेपानीको परिमाण, खानेपानीबाट लाभान्वित हुनेहरुको संख्या लगायत आर्थिक तथा प्राविधिक तथ्य तथ्याङ्कहरु समेतको विश्लेषण गरी विस्तृत रुपबाट तयार गरिएको अन्वेषण संभाव्यता अध्ययन र तत् सम्बन्धी विस्तृत इन्जिनियरिङ्ग डिजाइन समेतको कार्य सम्झनु पर्छ ।

ङ) "अनुमति पत्र" भन्नाले गाउँपालिकाको स्थानीय जलश्रोत समितिले दिएको अनुमति पत्र सम्झनु पर्छ ।

च) "सेवा" भन्नाले पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराएको खानेपानी सेवा सम्झनु पर्छ ।

छ) "उपभोक्ता" भन्नाले पानी आपूर्तिकर्ताले उपलब्ध गराएको सेवा उपभोग गर्ने व्यक्ति वा निकाय सम्झनु पर्दछ ।

ज) "सेवा शुल्क" भन्नाले सेवा उपभोग गरे वापत उपभोक्ताले, आपूर्तिकर्तालाई बुझाउनु पर्ने सेवा शुल्क सम्झनु पर्छ र सो शब्दले विलम्ब शुल्क समेतलाई जनाउँछ ।

झ) "गाउँपालिका" भन्नाले इन्द्रसरोवर गाउँपालिका सम्झनु पर्छ ।

ञ) "अध्यक्ष" भन्नाले इन्द्रसरोवर गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ट) "समिति" भन्नाले दफा २३ बमोजिम गठित स्थानीय जलश्रोत समितिलाई सम्झनु पर्छ ।

**३. जलस्रोत स्वामित्वः** गाउँपालिका भित्र रहेको जलस्रोतको स्वामित्व गाउँपालिकामा निहीत रहनेछ ।

## परिच्छेद २

**४. जलश्रोत उपयोगः**

१. यस कार्यविधि बमोजिम अनुमति पत्र प्राप्त नगरी कसैले पनि जलश्रोत उपयोग गर्न पाउने छैन ।

२. उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलश्रोतको उपयोग गर्न अनुमति पत्र लिनु पर्नेछैन ।

क. ढुवानी गरी आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न ,

ख. आफ्नो जग्गामा सिंचाइ गर्न,

ग. घरेलु उपयोगको रुपमा पानी घट्ट वा पानीचक्की चलाउन,

घ. जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको जलश्रोत तोकिए बमोजिम उपयोग गर्न

३. जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

**५. जल उपभोक्ता संस्थाको गठनः**

१. सामुहिक संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जना भएको उपभोक्ता संस्था गठन गर्न सक्नेछन ।

२. उपदफा (१) बमोजिम गठन भएको उपभोक्ता संस्थाले अनुसुचि-१ बमोजिमको निवेदनका साथ एक प्रति विधान र उपभोक्ता संस्थाका सदस्यहरुको नागरिकताको प्रतिलिपि सहित स्थानीय जलस्रोत समिति समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

३. उपदफा (१) बमोजिम गठन भएको उपभोक्ता संस्थाले विधानमा देहाय बमोजिमका विवरणहरु खुलाउनु पर्नेछ ।

क पुरा नाम र ठेगाना

ख उद्देश्य तथा कार्यक्षेत्र

ग सदस्यको लागि योग्यता र सदस्यता शुल्क

घ सदस्यको निश्कासन र राजिनामा

ङ हक दावी, नामसारी वा हकवालाको मनोनयन

च साधारण सभा सम्बन्धी

छ सञ्चालक समितिको गठन (निर्वाचन एंव काम, कर्तव्य र अधिकार)

ज सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्था

झ सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि

ञ कोष र लेखापरिक्षण

ट विधान संशोधन

ठ विघटन

ड विविध ।

४. उपदफा २ बमोजिम निवेदन प्राप्त भए पछि उपभोक्ता संस्थालाई अनुसूची-२ बमोजिमको ढाचाँमा उपभोक्ता संस्था दर्ता प्रमाण —पत्र प्रदान गरिनेछ ।

**६. जलश्रोत उपयोगको प्राथमिकता क्रमः**

१. गाउँपालिका क्षेत्र भित्रको जलश्रोत उपयोग गर्दा साधारणता देहायको प्राथमिकता क्रमः अनुसार गर्नुपर्नेछ ।

क. खानेपानी

ख. सिंचाइ

ग. पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग

घ. घरेलु उद्योग औधोगिक व्यवस्था तथा खानीजन्य उपयोग

ङ. जलविधुत

च. जल यातायात उद्योग

२. जलश्रोत उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा यस कार्यविधि अनुसार गठित स्रोत उपयोग विवाद निरुपण समितिले उपदफा १ मा उल्लेखित प्राथमिकताक्रम बमोजिम उचित रुपमा उपयोग भए नभएको र अन्य आवश्यक जाँचवुझ समेत गरी सोको आधारमा सम्बन्धीत जलश्रोत उपयोग गर्न पाउने नपाउने वा कुन किसिमबाट उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ । यसरी निर्धारण गरेको निर्णय सबैलाई मान्य हुनेछ ।

**७. गाउँपालिकाले जलश्रोत उपयोग वा विकास गर्न सक्नेः**

१. इन्द्रसरोवर गाउँपालिका आफैले कुनै जलश्रोत उपयोग वा विकास गर्न यस कार्यविधिले कुनै वाधा पुऱ्याउने छैन ।

२. कसैले यस कार्यविधि बमोजिम उपयोग गरेको जलश्रोत र सो संग सम्बन्धीत जग्गा, भवन, उपकरण तथा संरचना, सार्वजनिक उपयोगका लागि गाउँपालिकाले आफूले लिई विकास गर्न सक्नेछ ।

३. उपदफा २ बमोजिम आफूले लिएको जलश्रोत र सो संग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना वापत गाउँपालिकाले व्यक्तिलाई तोकिए बमोजिमको क्षतिपूर्ति दिइनेछ ।

४. इन्द्रसरोवर गाउँपालिकाले आफ्नो क्षेत्र भित्र अन्य व्यक्ति निकाय वा संगठीत संस्थाले उपयोग गरिरहेको जलश्रोतलाई निजहरुसंग समन्वयमा पर्यटन व्यवसाय प्रवद्धन गर्न आवश्यक कार्ययोजना बनाई लागु गर्न सक्नेछ ।

**८. जलश्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने**

१. इन्द्रसरोवर गाउँपालिकाले विकास गरेका कुनै जलश्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भैसकेपछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम हस्तान्तरण गरीएको परियोजना उपरको स्वामित्व सम्बन्धी उपभोक्ता संस्थाको हुनेछ र यस कार्यविधिको अधिनमा रही आफूले अनुमति पत्र प्राप्त गरे सरह सो परियोजना संञ्चालन सम्बन्धी उपयोग संस्थाले गर्नेछ ।

**९. जलश्रोत उपयोगको लागि करार गर्न सक्नेः**

यस कार्यविधिमा जुन सुकै कुरा लेखिएको भएतापनि इन्द्रसरोवर गाउँपालिकाले कुनै संगठित संस्था वा व्यक्ति सङ्ग प्रचलित कानुनको अधिनमा रहि करार गरी सोहि करारमा उल्लेखित शर्तहरु बमोजिम कुनै जलश्रोत विकास उपयोग र सेवा विस्तार गराउन सक्नेछ ।

## परिच्छेद–३

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

### १०. सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनु पर्ने

१. कुनै स्रोतको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुमतिपत्रको लागि निःशुल्क अनुसूची-३ बमोजिमको ढाँचामा समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएमा समितिले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप कागजात माग गर्नु पर्ने देखिएमा दरखास्त परेको मितिले सात दिनभित्र दरखास्तवालालाई सो कुराको सूचना दिनु पर्नेछ ।

३. उपदफा (२) बमोजिम समितिले दिएको सूचना बमोजिम दरखास्तवालाले थप कागजात पेश गरेको मितिलाई नै यस कार्यविधिको उपदफा (२) को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

### ११. सर्वेक्षण अनुमतिपत्र दिनु पर्ने

दफा १० बमोजिम प्राप्त हुन आएको दरखास्त र सो साथ संलग्न कागजात जाँचबुझ गर्दा दरखास्तवालालाई सर्वेक्षण अनुमतिपत्र दिन उपयुक्त देखिएमा समितिले **अनुसूची-४** बमोजिमको ढाँचामा स्रोत सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ ।

### १२. स्रोत उपयोग अनुमतिपत्रको लागि दरखास्त दिनु पर्ने :

१. स्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुमतिपत्रको लागि रु. ५०० (अक्षेरेपी पाँच सय रुपैयाँ मात्र)दस्तुर सहित अनुसूची-५ बमोजिमको ढाँचामा स्थानीय जलश्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएमा समितिले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप कागजात माग गर्नु पर्ने देखिएमा दरखास्त परेको मितिले सात दिनभित्र दरखास्तवालालाई सो कुराको सूचना दिनु पर्नेछ ।

३. उपदफा (२) बमोजिम समितिले दिएको सूचना बमोजिम दरखास्तवालाले थप कागजात पेश गरेको मितिलाई दफा ११ को उपदफा (२) को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

### १३. सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्ने —

१. दफा १२ बमोजिम दरखास्त प्राप्त भएपछि समितिले सो दरखास्त सम्बन्धमा आवश्यकता अनुसार जाँचबुझ गरी तत् सम्बन्धी विवरणहरु खुलाई सार्वजनिक जानकारीको लागि अनुसूची -६ बमोजिमको ढाचाँमा सूचना प्रकाशन गर्नु पर्नेछ ।
२. उपदफा १ बमोजिम सूचना प्रकाशन भएपछि परियोजनाको विकास तथा सञ्चालन गर्दा उल्लेखनीय कुनै प्रतिकूल प्रभाव पर्ने देखिएमा तत् सम्बन्धी विवरण खुलाई त्यसरी सूचना प्रकाशन भएको मितिले पैंतीस दिनभित्र समिति समक्ष सुझाव दिन सकिनेछ ।
३. उपदफा २ बमोजिम प्राप्त भएको सुझावलाई समेत विचार गरी समितिले त्यस्तो उल्लेखनीय प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालन गर्नु पर्ने कुराहरु अनुमतिपत्र दिंदा तोकि दिनेछ ।

**१४. स्रोत उपयोग गर्न अनुमतिपत्र दिनु पर्ने :**

**दफा १२ बमोजिम** प्राप्त भएको दरखास्त, सो साथ संलग्न कागजात जाँचबुझ र **दफा १३** बमोजिम प्राप्त भएका सुझावहरु अध्ययन गर्दा दरखास्तवालालाई स्रोत उपयोगको अनुमतिपत्र दिन उपयुक्त देखिएमा **समितिले अनुसूची—७** बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

**१५. दोहोरो अनुमतिपत्र नदिइने:**

१. **दफा ११ बमोजिम** कुनै व्यक्ति वा संगठित संस्थालाई स्रोत सर्वेक्षण गर्न अनुमतिपत्र दिई सकेपछि सो अनुमतिपत्रको अवधिभर सोही क्षेत्रमा सोही कामको लागि सर्वेक्षण गर्न पाउने गरी अन्य कुनै व्यक्ति वा संगठित संस्थालाई सर्वेक्षण गर्न दोहोरो अनुमतिपत्र दिइने छैन ।
२. **दफा १४ बमोजिम स्रोत उपयोग** गर्न कुनै व्यक्ति वा संगठित संस्थालाई अनुमतिपत्र दिई सकेपछि सो अनुमतिपत्रको अवधिभर सो अनुमतिपत्र प्राप्त व्यक्तिले उपयोग गर्ने पानीको परिमाणमा कटौती हुने गरी अन्य व्यक्ति वा संगठित संस्थालाई सोही स्रोत उपयोग गर्न पाउने गरी दोहोरो अनुमतिपत्र दिइने छैन ।

**१६. काम शुरु गर्नु पर्ने :**

१. अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित काम अनुमतिपत्र प्राप्त गरेको तीन महिनाभित्र शुरु गर्नु पर्नेछ ।
२. अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा १ बमोजिमको म्यादभित्र काम शुरु गर्न नसकेमा त्यसको मनासिव कारण सहित म्याद थपको लागि समिति समक्ष निवेदन दिन सक्नेछ र सो निवेदन उपर जाँचबुझ गर्दा म्याद थप गर्नु पर्ने कारण मनासिव देखिएमा समितिले बढीमा तीन महिनासम्मको म्याद थप गर्न सक्नेछ ।

**१७. समिति समक्ष प्रतिवेदन पेश गर्नेः**

१. अनुमतिपत्र प्राप्त व्यक्ति/संगठित संस्थाले अनुमतिपत्रमा उल्लेख भए बमोजिमको कामको प्रतिवेदन प्रत्येक तीन महिनामा स्थानीय जलश्रोत समिति समक्ष पेश गर्नु पर्नेछ

**१८. स्रोत उपर अधिकार कायम रहने :**

**दफा १४ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति / संगठित संस्थालाई अनुमतिपत्रमा** उल्लिखित हदसम्मको परिमाण बराबरको पानीको स्रोतमा त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिको अधिकार कायम रहनेछ ।

**१९. अनुमतिपत्रको नवीकरण :**

१. दफा ५ र दफा १४ बमोजिम पाएको अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा अगावै अनुमतिपत्र प्राप्त व्यक्ति/संगठित संस्थाले अनुमतिपत्र नवीकरणको लागि सम्बन्धित वर्षको आर्थिक ऐन अनुसारको दस्तुर सहित स्थानीय जलश्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

२. उपदफा १ बमोजिम अनुमतिपत्र नवीकरण नगरेमा त्यसको मनासिव कारण खुलाई अनुमतिपत्र बहाल रहने अवधि समाप्त भएको मितिले पैंतीस दिनभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले समिति समक्ष निवेदन दिन सक्नेछ र यसरी दिएको निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा समितिले अनुमतिपत्र नवीकरण गर्न सक्नेछ । तर सो समयसिमा भित्रमा समेत नविकरण नगरेमा त्यसको दोब्बर दस्तुर जरिवाना लाग्ने छ ।

३.

४. यस कार्यविधि बन्नु अगाडी **जिल्ला जलश्रोत समितिमा** दर्ता भएका उपभोक्ता समितिहरुलाई यसै कार्यविधि अनुसार दर्ता भएको मानिनेछ। साथै अब नविकरण गर्दा आर्थिक ऐन अनुसार दस्तुर लिई पुरानो प्रमाणपत्र खिचि यस कार्यविधि अनुसारको प्रमाणपत्र उपलब्ध गराइने छ ।

**२०. अनुमतिपत्रको बिक्री वा हस्तान्तरण :**

१ अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले पाएको अनुमतिपत्र बिक्री वा अन्य तवरले हस्तान्तरण गर्न चाहेमा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

२ उपदफा १ बमोजिम निवेदन प्राप्त भएमा समितिले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी अनुमतिपत्र खरिद गर्ने वा लिने व्यक्ति वा संगठित संस्थाको आर्थिक स्थिति समेत विचार गर्दा अनुमतिपत्र बिक्री वा हस्तान्तरण गर्ने स्वीकृति दिन हुने देखिएमा समितिले आवश्यक शर्तहरु तोकी अनुमतिपत्र बिक्री वा अन्य तवरले हक हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

**२१. अनुमतिपत्रमा संशोधन गर्नु परेमाः**

१. अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले पाएको अनुमतिपत्रमा उल्लेखित कुनै कुरा संशोधन गर्न चाहेमा समिति समक्ष निवेदन दिन सक्नेछ ।

२. उपदफा १ बमोजिम निवेदन परेमा समितिले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा व्यहोरा मनासिव देखेमा अनुमतिपत्रमा संशोधन गरी दिनेछ ।

**२२. अनुमति खारेज गर्न सक्नेछः**

१. अनुमति प्राप्त व्यक्तिले यस कार्यविधि विपरित कुनै काम गरेमा यस कार्यविधिमा व्यवस्था भएको समितिको सिफारिसमा तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

२. उपदफा १ बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा व्यक्तिले पाएको अनुमति खारेज गर्न सक्नेछ ।

३. उपदफा २ बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धीत अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

## परिच्छेद ४

**२३. स्थानीय जलश्रोत समितिको गठनः**

१. इन्द्रसरोवर गाउँपालिका भित्र रहेको जलश्रोत उपयोगको आवश्यकता अध्ययन अनुसन्धान एवम् जलश्रोत उपयोगको लागि अनुमति प्रदान गर्ने तथा तोकिए बमोजिम नगरेमा अनुमति पत्र खारेज गर्ने प्रयोजनको लागि एक स्थानीय जलश्रोत समिति रहनेछ ।

२. स्थानीय जलश्रोत समितिमा देहायका पदाधिकारी रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| ख) प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| ग) वन तथा वातावरण विकास समितिको संयोजक | -सदस्य |
| घ) सामाजिक विकास समिति संयोजक | -सदस्य |
| ङ) पूर्वाधार विकास संयोजक | -सदस्य |
| च) प्राविधिक शाखा प्रमुख | -सदस्य |
| छ) वातावरण सरसफाइ तथा विपद व्यवस्थापन इकाई प्रमुख | -सदस्य सचिव |

**२४. स्थानीय जलश्रोत समितिको काम कर्तव्य र अधिकार:**

१. स्थानीय जलश्रोत समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) जलस्रोत उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत पत्र प्रदान गर्न सिफारिस गर्ने

ख) जलश्रोत उपयोग सम्बन्धमा समसामयिक अध्ययन अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी इन्द्रसरोवर गाउँ कार्यापालिकाको कार्यालय समक्ष पेश गर्ने

ग) जलश्रोत उपयोग सम्बन्धमा कुनै प्रश्न उठेमा वा प्ररम्परा देखि जलश्रोत उपयोग गरेकोमा अन्यथा भएको देखिएमा आवश्यक जाँचवुझ गर्ने गराउने

घ) खण्ड ग बमोजिम जाँच गर्दा वा गराउँदा तोकिएको शर्त बमोजिम जलश्रोतको उपयोग नभए नगरेको देखिएमा सो कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानुन बमोजिम कारवाही गर्न सम्बन्धीत निकायमा सीफारिस गर्ने ।

ङ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

२. स्थानीय जलश्रोत समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठक बसेको दिनको प्रति बैठक भत्ता कार्यपालिकाको सदस्यहरुले पाए सरह बैठक भत्ता पाउने छन ।

## परिच्छेद-५

### स्रोत उपयोगको विवाद समाधान

**२५. स्रोत उपयोग विवाद निरुपण समिति:**

१. उपभोक्ता संस्थाले विकास तथा सञ्चालन गर्ने परियोजनाको स्रोत उपयोगको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानको लागि देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु भएको एक स्रोत उपयोग विवाद निरुपण समिति रहनेछ :

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| ख) गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| ग) सम्बन्धित वडाको वडा अध्यक्ष | -सदस्य |
| घ) प्रतिनिधि स्थानीय प्रहरी | -सदस्य |
| ङ) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य सचिव |

**२६. श्रोत उपयोग सम्बन्धमा उजुरी गर्न सक्ने:**

१. कुनै श्रोतको उपयोगबाट कसैलाई मर्का पर्ने व्यक्ति वा संगठित संस्थाले त्यसको कारण खुलाइ स्रोत उपयोग विवाद निरुपण समिति समक्ष उजुरी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम उजुरी परेमा श्रोत उपयोग विवाद निरुपण समितिले श्रोत उपयोग गर्ने परियोजनाको स्थलगत निरिक्षण गरी अन्य कुराहरुको अतिरिक्त देहायका जानकारी लिनु पर्नेछः

क) परियोजनाको कुल लागत
ख) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताको संख्या
ग) परियोजना सम्बन्धमा स्थानीय समुदायको आवश्यकता र जनचाहना
घ) दैनिक उपयोग गरीने पानीको परिमाण
ङ) परियोजना सञ्चालन गर्दा अन्य व्यक्ति वा समुदायलाई पर्न गएको असर र उनीहरुको प्रतिकृया
च) वातावारणमा पर्न जाने प्रतिकुल असर

३. उपदफा २ बमोजिमको जानकारी लिई सकेपछि श्रोत उपयोग विवाद निवारण समितिले, जलस्रोतको उपयोगको सम्बन्धमा परेको उजुरी छानविन गरी आवश्यक निर्णय गर्नेछ ।

## परिच्छेद–६

### सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**२७. सजाय सम्बन्धी व्यवस्था**

१. कसैले यस कार्यविधि उलङ्घन गरेमा निजलाई स्थानीय जलश्रोत समितिको सिफारिसमा गाउँ कार्यपालिकाले पाँच हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपूर्ति भराइ दिन सक्नेछ ।

२. कसैले यस कार्यविधि बमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलश्रोत उपयोग गरेमा निजलाई गाउँ कार्यपालिकाले पाचँ हजार रुपैया सम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

३. यस कार्यविधि बमोजिम जलश्रोत वा त्यस्तो जलश्रोतबाट उत्पन्न सेवा कसैले चोरी वा दुरुपयोग गरेमा वा अनाधिकृत प्रयोग गरेमा गाउँ कार्यपालिकाले निजबाट विगो असुल गरी निजलाई विगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ ।

४. कसैले वदनियता साथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलश्रोतको उपयोगसित सम्बन्धीत कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा विगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानि नोक्सानी विगो असुल गरी निजलाई विगो बमोजिम जरिवाना गराई वा नियमानुसार कारवाहीको लागि न्यायिक समिति समक्ष सिफारिस गर्ने ।

**२८. अनुसन्धानको लागि लेखि पठाउने सक्नेः**

जलश्रोत उपयोगको अनुमति प्रदान गर्ने निकायले यस कार्यविधि बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले कुनै कसुर गरेको थाहा पाएमा त्यस्तो कसुरका सम्बन्धमा यस कार्यविधि बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

**२९. मुद्दा सम्बन्धी व्यवस्थाः**

यस कार्यविधि अनुसार कसुर गरेमा हुने सजाय सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

**३०. पुनरावेदन सम्बन्धी व्यवस्थाः**

यस कार्यविधि बमोजिम जलश्रोत उपयोगको अनुमति प्रदान गर्ने अधिकारी वा गाउँ कार्यपालिकाबाट कारवाही भएकोमा चित्त नबुझेको व्यक्ति त्यस्तो कारवाहीको निर्णयको जानकारी पाएको मितिले पैतिस दिन भित्र सम्बन्धीत जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद—७

### विविध

**३१ सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउनेः**

१. अनुमतिपत्र प्राप्त व्यक्तिले आफुले विकास गरेको जलश्रोत उपयोगका सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन वा त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्न सक्नेछ ।

२. इन्द्रसरोवर गाउँपालिकाले विकास गरेको जलश्रोत उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क र अनुमति प्राप्त व्यक्तिले जलश्रोतको उपयोग गरी अन्य व्यक्तिलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत वार्षिक शुल्क तोकिए बमोजिम निर्धारण गरी असुल गर्न सक्नेछ ।

**३२. सेवा रोक्न सक्नेः**

सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकृ रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा वन्द गर्न सकिनेछ ।

**३३. अरुको घर जग्गामा प्रवेश गर्न सक्नेः**

इन्द्रसरोवर गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा इन्द्रसरोवर गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धीत व्यक्तिलाई पूर्व सूचना दिएर त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिनेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा इन्द्रसरोवर गाउँपालिका वा अनुमति प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतिपुर्ती दिनेछ ।

**३४.जलश्रोत संरचनाको सुरक्षाः**

जलश्रोतको उपयोगसित सम्बन्धीत कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं आफ्नो विचारमा त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा इन्द्रसरोवर गाउँपालिकाले आवश्यक प्रवन्ध गर्न स्थानीय प्रशासनलाई लेखि पठाउन सक्नेछ ।

**३५.जलश्रोतलाई प्रदुषित गर्न नहुनेः**

इन्द्रसरोवर गाउँपालिका क्षेत्र भित्रको जलश्रोतको प्रदुषण हुने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हालि वा प्रयोग गरी जलश्रोतलाई प्रदुषित गर्न हुनेछैन ।

**३६. वातावरण उल्लेनीय प्रतिकुल असर पार्न नहुनेः**

इन्द्रसरोवर गाउँपालिका भित्रको जलश्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा त्यस्तै अन्य कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेछ ।

**३७.वाधा अड्कन फुकाउ एवं वाधाः**

यस कार्यविधि अन्तिम व्यवस्था एवं वाधा अडकाउ फुकाउने कार्य इन्द्रसरोवर गाउँ कार्यपालिकाले गर्नेछ ।

**३८. परिमार्जन तथा संशोधनः**

यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

## अनुसूची—१

## उपभोक्ता संस्था दर्ताको लागि दिइने दरखास्त

श्री अध्यक्ष ज्यू,
स्थानीय जलश्रोत समिति
कुलेखानी, मकवानपुर ।

उपभोक्ता संस्था दर्ता गर्नको लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु ।

१. उपभोक्ता संस्थाको नाम र ठेगानाः
२. उपभोक्ता संस्थाको उद्देश्यः
३. स्रोत रहेको जिल्ला मकवानपुर इन्द्रसरोवर गाउँपालिका वडा नं.
४. उपयोग गर्ने पानीको परिमाणः
५. परियोजना शुरु गर्न लाग्ने समयः
६. परियोजना सम्पन्न गर्दा लाग्ने जाने अनुमानित खर्चः
७. नेपाल सरकारले विकास गरी हस्तान्तरण गर्ने परियोजना भए सो परियोजनाको नाम र तत् सम्बन्धी अन्य विवरणः
८. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः
   क) परियोजना सम्बन्धी विस्तृत विवरण उल्लेख भएको कागजात ।
   ख) परियोजनाको लागि कुनै संस्थाबाट आर्थिक सहायता व्यहोरिने भए सो सम्बन्धमा त्यस्तो संस्थाले व्यक्त गरेको प्रतिबद्धता र तत् सम्बन्धी कागजातः—

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउला ।

दरखास्त दिनेको,
सहीः
नामः
ठेगानाः
मितिः

वडा कार्यालयले भर्नु पर्नेः

यस इन्द्रसरोवर गाउँपालिका वडा नं ......मा सञ्चालन हुने उल्लेखित परियोजनाको लागि गठन हुन लागेको उपभोक्ता संस्था दर्ता हुन उपयुक्त देखिएकोले सिफारिस गरीन्छ । साथै उल्लेखित परियोजना सञ्चालनको लागि आवश्यक मर्मत र संभारको कार्यहरुमा यस वडा कार्यालयकको तर्फबाट पूर्ण सहयोग हुने जानकारी गराईन्छ ।

सिफारिस गर्ने पदाधिकिारीको,

सहीः

नामः

पदः

वडा कार्यालयको छापः

मितिः

## अनुसूची—२
## उपभोक्ता संस्थाको दर्ता प्रमाणपत्र

श्री ...............

महाशय,

तपाईको मिति .................. को निवेदन उपर कारवाहि हुँदा यस गाउँपालिकाको जलस्रोत उपयोग कार्यविधि, २०७७ को दफा ५ बमोजिम उपभोक्ता संस्था दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

१. उपभोक्ता संस्थाको नाम र ठेगानाः
२. उपभोक्ता संस्थाको उद्देश्यः
३. उपभोक्ता संस्थाले सञ्चालन गर्ने परियोजनाको नामः
४. परियोजनाको स्रोतः
५. स्रोत रहेको मकवानपुर जिल्ला इन्द्रसरोवर गाउँपालिका वडा नं ........
६. उपयोग गर्न पाउने पानीको परिमाणः
७. उपभोक्ता संस्थाको कार्य क्षेत्रः
८. परियोजना शुरु गर्नु पर्ने अवधिः
९. उपभोक्ता संस्थाले पालना गर्नु पर्ने शर्तहरुः

क)
ख)
ग)
घ)

**प्रमाणपत्र दिने अधिकारीको,**
सहीः
नामः
कार्यालयः
मितिः

<u>नविकरणः</u>

| क्र.स. | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

- अनुसूची २ पहिलो संशोधन मिति २०७७/१२/३० गतेको कार्यपालिका बैठकबाट

## अनुसूची—३

## स्रोत सर्वेक्षण गर्ने अनुमतिपत्रको लागि दिइने दरखास्त

श्री अध्यक्ष ज्यू
स्थानीय जलस्रोत समिति
इन्द्रसरोवर गाउँपालिका,
कुलेखानी, मकवानपुर ।

खानेपानीको स्रोत सर्वेक्षण गर्न अनुमतिपत्रको लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. उद्देश्यः
३. सर्वेक्षण गर्न चाहेको स्रोतको नामः
४. स्रोत रहेको मकवानपुर जिल्ला इन्द्रसरोवर वडा नं....
५. सर्वेक्षण गर्न लाग्दा लाग्ने अवधिः
६. सर्वेक्षण गर्दा लाग्न जाने अनुमानित खर्चः
७. अन्य विवरणः
८. दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरुः
   क) स्रोतको सर्वेक्षण सम्बन्धमा आर्थिक, प्राविधिक र वातावरणीय मूल्याङ्कन सम्बन्धी प्रतिवेदन ।
   ख) स्रोत सर्वेक्षण गरीने स्थानको नक्सा ।
   ग) संगठित संस्था भए सो संस्थाको विधानको एक प्रति ।
   घ) आवश्यक अन्य कागजात ।

माथि लेखिएको व्यहोरा ठीक साचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुला वुझाउला ।
संगठित संस्था भए त्यस्तो संस्थाको छाप
दरखास्त दिनेको,
सहीः
नामः
ठेगानाः

## अनुसूची–४

## स्रोत सर्वेक्षण गर्ने अनुमतिपत्र

अनुमतिपत्र संख्या ...

श्री ......

महाशय,

तपाईलाई जलस्रोत उपयोग कार्यविधि, २०७७ को दफा ११ बमोजिम खानेपानीको स्रोत सर्वेक्षण गर्न पाउने गरी यो अनुमतिपत्र दिइएको छ ।

१. अनुमतिपत्र प्राप्त व्यक्तिको नाम र ठेगानाः–

२. सर्वेक्षणको उद्देश्यः–

३. सर्वेक्षण गर्ने क्षेत्रः–

४. सर्वेक्षण शुरु गर्नु पर्ने समयः–

५. सर्वेक्षण समाप्त गर्नु पर्ने अवधिः–

६. अनुमतिपत्र बहाल रहने अवधिः–

७. अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरुः–

क)

ख)

ग)

घ)

ङ)

अनुमतिपत्र दिने अधिकारीको,

सहीः

नामः

पदः

कार्यालयः

मिति

## विअनुसूची–५
## स्रोत उपयोग गर्ने अनुमतिपत्रको लागि दिइने दरखास्त

श्री अध्यक्ष ज्यू,
स्थानीय जलस्रोत समिति,
इन्द्रसरोवर गाउँपालिका,
कुलेखानी, मकवानपुर।

विषयः जलस्रोत उपयोग गर्ने अनुमतिपत्र सम्बन्धमा ।

खानेपानीको स्रोत उपयोग गर्ने अनुमतिपत्र पाउनको लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. उद्देश्यः
३. उपयोग गर्न चाहेको स्रोतको नामः
४. स्रोत रहेको मकवानपुर जिल्ला इन्द्रसरोवर वडा नं...
५. स्रोत उपयोग गर्ने पानीको परिमाणः
६. स्रोत उपयोग गर्दा लाग्ने अनुमानित खर्चः
७. स्रोत उपयोग गर्दा खर्च गर्ने आधारः
८. स्रोत उपयोगबाट लाभान्वित हुने उपभोक्ता संख्या र कार्य क्षेत्रः
९. अन्य विवरणहरुः
१०. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः
    क) स्रोतको उपयोग सम्बन्धमा आर्थिक, प्राविधिक र वातावरणीय सम्बन्धी प्रतिवेदन ।
    ख) स्रोत उपयोग गर्ने ठाउँको नक्सा ।
    ग) संगठित संस्था भए सो संस्थाको विधानको एक प्रति ।
    घ) आवश्यक अन्य कागजातहरु ।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुंला बुझाउला । संगठित संस्था भए सो संस्थाको छाप

दरखास्त दिनेको,–
सहीः
नामः
ठेगानाः

## अनुसुची ६

जलश्रोतको मुहान दर्ता सम्बन्धी

सुचना ! सुचना !! सुचना !!!

इन्द्रसरोवर गाउँपालिका वडा नं...............स्थित........मा ...... खानेपानी सिंचाई अन्य प्रयोजनको मुहान दर्ता गरी पाउ भनि..........उपभोक्ता समितिका अध्यक्ष र सचिवले यस कार्यालयमा निवेदन पेश गर्नु भएको हुदा उल्लेखित जलश्रोतको मुहान दर्ता गर्ने सम्बन्धमा निवेदन पेश गर्नु भएको व्यहोरा झुटा भएमा वा मुहान दर्ताको सम्बन्धमा कुनै वाधा व्यवधान भएमा सुचना प्रकाशित भएपछि समय फरक नपर्ने गरी प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा उजुरी गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

जलश्रोत समिति
इन्द्रसरोवर गाउँपालिका
कुलेखानी

## अनुसूची-७
## स्रोत उपयोग गर्ने अनुमतिपत्र

अनुमतिपत्र संख्या ...

श्री ......

महाशय,

तपाईलाई जलस्रोत उपयोग कार्यविधि, २०७७ को दफा १४ बमोजिम खानेपानीको स्रोत उपयोग गर्न पाउने गरी यो अनुमतिपत्र दिइएको छ ।

१. अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. उद्देश्यः

३. उपयोग गर्न चाहेको स्रोतको नामः

४. स्रोत रहेको मकवानपुर जिल्ला इन्द्रसरोवर वडा नं...

५. स्रोत उपयोग गर्ने पानीको परिमाणः

६. स्रोत उपयोगबाट लाभान्वित हुने उपभोक्ता संख्या र कार्य क्षेत्रः

७. अन्य विवरणहरुः

८. अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरुः—

क)

ख)

ग)

घ)

ङ)

**अनुमतिपत्र दिने अधिकारीको,**

सहीः

नामः

पदः

कार्यालयः

मिति

नविकरणः

| क्र.स. | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची ७ पहिलो संशोधन  मिति २०७७/१२/३० गतेको कार्यपालिका बैठकबाट